**THE SCHOOL DISTRICT OF PHILADELPIA**
**विद्यार्थी अधिकार र उत्तरदायित्व कार्यालय**

**440 N. Broad Street, 2nd Floor**
**Philadelphia, PA 19130**
**Rachel Holzman, Esq., Deputy Chief**
**Phone: 215-400-4830 / Fax: 215-400-4831**

## विद्यार्थी अनुशासन प्रक्रियाको लागि, आमा बुवाहरुको लागि निर्देशन

I. बिद्यालय जिल्लाको व्यवहार नियमावली अनुसार, तपाईंको बालक विद्यार्थी अनुशासनात्मक सुन्वाइ गर्नु पर्ने घटनामा सम्मिलित भएको खण्डमा, के आपेक्षा गर्न सक्नु हुन्छ।

A. बिद्यालयले तपाईंको बालक घटनामा सम्मिलित भएकै दिन तपाईंलाई घटनाको बारे जानकारी प्रदान गर्ने।

B. कती दिनको लागि निलम्बन भएको, र पुन रुपमा बिद्यालयमा फर्किने वा आमा बुवाको सम्मेलनको मिती र समय, दुर्व्यवहारको बारे बिस्तार दिने निलम्बनको सुचना प्रदान गर्ने।

C. यि कुराहरु हुने आमा बुवा सम्मेलनमा जाने:

1. तपाईंको बालक संलग्न भएको बारे, अनुशासनात्मक सुन्वाइ अनुरोध गरेको कारण र प्रक्रियामा अगाडि बढ्दा आपेक्षा गर्ने कुराहरु जस्तै, तपाईंलाई घटनाको बारे पुरा जानकारी प्रदान गरिने छ।

2. तपाईंको बालक घटनामा संलग्न भएको सम्पूर्ण प्रमाणहरुको समिक्षा गर्ने अनुमती प्रदान गरिन्छ। फोटो, भिडियो, बयान, रिपोर्ट, प्रमाणमा सम्मिलित हुन्छ। प्रमाणबाट अरु विद्यार्थीलाई चिन्ने जानकारीहरु निकालिन्छ।

3. विद्यार्थी अधिकार र उत्तरदायित्व कार्यालयलाई पठाइएको सम्पूर्ण लिखित कागज पत्रहरु (सम्पूर्ण इ यच २१ प्याकेट) का साथ साथै विद्यार्थी अनुशासन सुन्वाइको अनुरोध प्रदान गरिने छ। यि कागज पत्रमा अरु विद्यार्थीको चिकित्सा सम्बन्धि जानकारी प्रदान गरिने छैन।

4. बिद्यालयले सिफारिश गरेको परीणामको बारे जानकारी प्रदान गरिने छ। तपाईंको बालकलाई व्यवहार सहमतिका साथ आफ्नै बिद्यालयमा बस्न अनुमती प्रदान गर्न सकिने छ वा बालकलाई अर्कै सार्वजनिक बिद्यालयमा वा अनुशासनात्मक बिद्यालयमा सरुवा गर्न सकिने छ।

5. तपाईंलाई विद्यार्थी सहयोग कार्यक्रम प्रदान गरिने छ। यो कार्यक्रमले तपाईंको बालकलाई व्यवहार मुल्याङ्कन र उपचार सहयोग सामाग्री प्रदान गरिन्छ। यो सेवा स्विकार गर्दैमा तपाईं दोषी भनेर मानिने छैन।

D. निलम्बन सुचना पत्रमा दिएको समयको समाप्त पछी बिद्यालय फर्किने। निलम्बन १० दिन भन्दा बढी हुन सक्दैन।

टिप्पणी: कथित पीडित सम्मिलित भएको खण्डमा तपाईंको बालकको कक्षा वा कक्षामा भएका व्यक्तिहरु परिवर्तन गर्न सकिन्छ।

II. विद्यार्थी अधिकार र उत्तरदायित्व कार्यालयले सुन्वाइको अनुरोध प्राप्त गरेपछी र विद्यार्थी अनुशासन सुन्वाइको समय तोकिएपछी यि कुराहरु हुने छ:

A. **तपाईंको सुन्वाइको मिती, समय र ठेगाना सन्केत गरिएको सुन्वाइको सुचना तपाईको भाषामा प्रदान गरिने छ।**

1. यदी तपाई र तपाईंको बालक सुन्वाइमा उपलबध हुन नसक्नु भएको खण्डमा तपाईंले तुरुन्तै विद्यार्थी अधिकार र उत्तरदायित्व कार्यालयलाई २१५ ४०० ४८३० मा फोन सुचना दिनु होला।

B. सुन्वाइमा तपाई र तपाईंको बालकलाई यि कुराहरु अनुमती हुन्छ:

1. आफ्नै गवाही बोलाउने

2. प्रमाण र रिपोर्टहरु प्रदान गर्ने

3. परिवार, प्रतिनिधि, अधिवक्ताहरु बोलाउने

C. सुन्वाइ गर्ने अधिकारीले तपाईंलाई, तपाईंको बालकलाई र तपाई सँग लिएर आउने व्यक्तिलाई र बिद्यालयको प्रतिनिधिलाई घटनाको बारे प्रश्नहरु सोध्ने छ।

D. सुन्वाइ अधिकारिले, तपाईंको बालकले उल्लंघन गरेको भनेर र उप्युक्त परिणाम निर्धारित गर्छ।

**E.** सुन्वाइको समाप्ती पछी वा सुन्वाइलाई तपाईंको भाषामा अनुवाद गरिए पछी अधिकारिको निर्धारण प्रदान गरिएको सुन्वाइको लिखित विवरण, प्रदान गरिन्छ।